Received Date: March 2025 Revised: April 2025 Accepted: June 2025

# पौरस्त्य वाङ्मयका आलोकमा *अलकापुरी सभा* उपन्यास

विष्णुमाया खत्री
त्रिचन्द्र बहुमुखी क्याम्पस
घण्टाघर, काठमाडौँ

*Doi: https://doi.org/10.3126/ppj.v5i1.85853*

**लेखसार**

***अलकापुरी सभा*** *उपन्यास पाँच खण्डमा विभाजन गरिएको विशालकाय उपन्यास हो । प्रस्तुत आलेखमा पूर्वीय वाङ्मयमा आधारित रहेर दार्शनिक उपान्यास अलकापुरी सभाको चर्चा गरिएको छ । यसको प्रायोगिक पुष्टिका लागि प्रेमराज न्यौपानेद्वारा रचित* ***अलकापुरी सभा*** *शीर्षकको दार्शनिक उपन्यासलाई लिइएको छ । यस उपन्यासमा भएका विभिन्न प्रसङ्गलाई पौरस्त्य वाङ्मयको आलोकमा पुष्टि गर्ने प्रयत्न भएको छ । वाङ्मयको अर्थ व्यापक छ तर यहाँ नीतिचेतना खास गरी समाजमा एक अर्काप्रति गरिने नैतिकतायुक्त व्यवहारलाई सङ्केत गर्छ । समाजले निर्धारण गरेको नैतिक भूमिका र त्यसका आडमा नीतिगत व्यवहारका पक्षहरूलाई यसले सङ्केत गर्छ । त्यस्तै पूर्वीय दर्शन प्रधान समाजमा वैदिक कालदेखि आजसम्मका नीतिगत आचरण र व्यवहारलाई प्रस्तुत गर्छ भन्ने कुरालाई यस लेखका माध्यमबाट स्पष्ट पार्न खोजिएको छ । यस उपन्यासमा भएका अनेकथरी नीतिगत व्यवहारको अवस्थालाई देखाउँदै जगज्जननी माता र जगत्पिताका बिचको सम्बन्ध अनि मेनका, इन्द्र, प्रकृति, पृथ्वीलगायतका पात्रहरूको संवादबाट विश्वकल्याणको कामना गरिएको मूल भावको उद्घाटन यसमा गरिएको छ । जगज्जननी माता र जगत्पिताकै कारण विश्वका मानव, यावत् पशुपक्षीहरू र सृष्टिका सम्पूर्ण वस्तुले पालना गर्नुपर्ने नीतिगत आधार एवम् यसबाट हुने विश्वकल्याणको कार्यलाई प्रस्तुत गरिएको यो आलेख पूर्वीय वाङ्मयलाई आधार बनाएर प्रस्तुत उपन्यासमा नीतिचेतनाको अवस्था के कस्तो छ भनेर बुझ्न चाहनेहरूका लागि उपयोगी हुनेछ ।*

**शब्दकुञ्जी :** पावनभूमि, जगज्जननी, वाटिका, स्वर्ग, जीवनलीला, प्रकृति, अप्सरा ।

## १. विषय प्रवेश

**अलकापुरी सभा** उपन्यास उपन्यासकार प्रेमराज न्यौपानेद्वारा लिखित उपन्यास हो । वि.सं. २०७८ सालमा प्रकाशित भएको यो उपन्यासलाई पाँच खण्डमा विभाजन गरिएको छ । *अलकापुरी सभा* उपन्यासमा विश्वजनीन यथार्थलाई महत्त्वका साथ चित्रण गरिएको छ । प्रकृतिलाई कसरी शोषण गरेको थियो भन्ने तथ्यलाई पनि यस उपन्यासमा मार्मिक रूपले उद्घाटन गरिएको छ । प्रस्तुत आलेखमा *अलकापुरी सभा* उपन्यासमा वर्णन गरिएका विषयको चर्चा गरिएको छ ।

संस्कृति जन्मजात रूपमा प्रकृतिद्वारा निर्धारित लिङ्गगत विशेषता नभएर संस्कृतिद्वारा निर्मित पक्ष हो । अङ्ग्रेजीमा प्रचलित जेन्डर स्टडिजको नेपाली रूपान्तरणका रूपमा लैङ्गिक अध्ययन आएको छ । संस्कृति निर्मित भएकाले संस्कृति अनुसार नै यसको मान्यता फरक फरक हुन्छ । संस्कृति सामान्य कुरा नभएर विशिष्ट किसिमको हुने गर्दछ । सांस्कृतिक अध्ययनको सुरुवात पछि नै संस्कृतिमाथिको बहस भई यस मान्यताको स्थापना भएको हो । यो मान्यता नारीका अधिकारहरूको रक्षा र पुरुष वर्गले नारीमाथि गर्ने थिचोमिचो र

अन्यायको विरुद्धमा आएको लेखन हो । यस मान्यताले साहित्यिक कृतिमा लैङ्गिकतालाई के कसरी प्रस्तुत गरिएको छ, नारीको स्थान र भूमिका के छ भन्ने जस्ता कोणबाट अध्ययन गर्छ । सामाजिक, सांस्कृतिक आधारमा समाजमा महिलालाई के कस्तो भूमिका दिइएको छ र न्यायोचित छ कि छैन भन्ने कुराको समेत अध्ययन लैङ्गिक अन्तर्गत हुने गर्दछ । यस अन्तर्गत मुख्य रूपमा सामाजिक संरचनाका आधारमा महिलाको पहिचान र प्रतिनिधित्व तथा उनीहरूको समग्र स्थान कुन रूपमा उपस्थित छ भन्ने पक्षलाई जोड दिइन्छ । त्यस्तै समाजले महिलालाई सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, सांस्कृतिक रूपमा के कस्ता अधिकार र स्वतन्त्रताहरू दिएको छ भन्ने पक्षको अध्ययन पनि लैङ्गिक अध्ययन अन्तर्गत हुने गर्छ । यिनै मुख्य विषयलाई प्रस्तुत आलेखमा विश्लेषण गरिएको छ ।

## २. समस्या कथन  र उद्देश्य

प्रस्तुत अध्ययन कार्यमा *अलकापुरी सभा* उपन्याससमा निहित संस्कृतिलाई प्रमुख समाधेय समस्या बनाइएको छ । अलकापुरी सभा उपन्यासलाई साहित्य शास्त्रमा प्रचलित विभिन्न सैद्धान्तिक आधारको उपयोग गरी अध्ययन गर्न सकिए पनि प्रस्तुत अध्ययनमा सांस्कृतिक कोणबाट मात्र विश्लेषणको आधार बनाइएको छ । यो प्रस्तुत अध्ययनको परिसीमा पनि हो । उल्लिखित शोध जिज्ञासामा रहेर त्यसको प्रामाणिक र प्राज्ञिक समाधानका लागि सामग्री सङ्कलन र विश्लेषण गरिएको छ ।

## ३. अध्ययन विधि

प्रस्तुत अध्ययन कार्यमा उठाइएको शोध प्रश्नको तथ्यपूर्ण, वस्तुनिष्ठ र प्रामाणिक समाधानका लागि निम्न अध्ययन विधिको उपयोग गरिएको छ ।

### क) सामग्री सङ्कलन विधि

प्रस्तुत शोध समस्याको समाधानका लागि पुस्तकालयीय पद्धतिअन्तर्गत रहेर प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । प्रथमिक स्रोतअन्तर्गत प्रेमराज न्यौपानेको *अलकापुरी सभा* उपन्यासलाई ग्रहण गरिएको छ । त्यस्तै द्वितीयक स्रोत अन्तर्गत संस्कृतिसँग सम्बन्धित भएर गरिएका पूर्वकार्यलाई ग्रहण गरिएको छ ।

### ख) सैद्धान्तिक पर्याधार

प्रस्तुत अध्ययन *अलकापुरी सभा* उपन्यासमा रहेको नीतिचेतनाको उद्घाटनमा केन्द्रित छ । त्यसैले यस अध्ययनका लागि पूर्वीय वाङ्मयमा रहेको नैतिक पक्षलाई उपयोग गरिएको छ । नैतिकताका आधारमा भएका चित्रणहरूलाई यस अध्ययनमा प्रस्तुत गरिएको छ ।

नीति परमतत्त्वको प्रतिभूति नै हो । जुन कुरा कल्याणकारी हुन्छ, त्यो नीति हो । यो शाश्वत, अनन्त र ईश्वरीय विभूति हो । "नीति भनेको व्यवहारको तरिका, जनता वा समाजको भलाइ गर्न बनेको व्यवस्था, राज्य वा राष्ट्रको रक्षा वा हितको लागि विद्वान्हरूद्वारा धर्म, समाज आदिको विचार राखी बनाइएको व्यवस्था न्याय/राजनीतिविद्या" (संस्कृत नेपाली बृहत् शब्दकोश : ६७९) हो ।

शास्त्रको आज्ञाअनुसार कर्मको अनुष्ठान गर्नु नै नीति हो । यो सन्मार्ग दर्शक छ । नीति जीवनका विविधता र अनुभवको दर्पण हो । नीतिमा सबै विषय समाहित हुन्छ । शास्त्रअनुसार व्यवहार गर्नु, शास्त्रको

आज्ञाअनुसार कर्मको अनुष्ठान गर्नु नीति हो । (भट्टराई, २०७८ : १३) विभिन्न जाति, वर्ण, आश्रय धर्म, सम्प्रदायहरूका प्रवर्तकबाट लोकव्यवहारको सञ्चालनका लागि निर्धारित आचरण, आचार-पद्धति, आचार संहिता, त्यस पद्धतिबाट हिँड्दा अँगाल्नुपर्ने नियम, कुनै सरकार वा संस्था आदिले आफ्नो कार्य-सञ्चालनका लागि अँगाल्ने आधारभूत सिद्धान्त (नेपाली बृहत् शब्दकोश : ७४७)

सामाजिक वातावरणका आधारमा हेर्दा समाजमा विद्यमान रीतिस्थिति, मानमर्यादा, मूल्य र आचारगत विषयका यावत् कुराहरू संस्कृतिका अङ्ग बनेर रहेका हुन्छन् । परम्परागत रूपमा विकसित मूर्त, अमूर्त विश्वास, चालचलन र सामूहिक आनीबानी तथा मानव निर्मित सम्पूर्ण चिजलाई संस्कृतिको परिभाषाभित्र समावेश गर्न सकिए पनि समग्रमा कुनै पनि समाज विशेषका परिस्कृत र हस्तान्तरणीय आचार, विचार र रीतिस्थितिलाई संस्कृतिका रूपमा स्वीकार गरिएको पाइन्छ । । "उपन्यास मानव समाजसम्बद्ध समाज र सामाजिक क्रियाकलापसम्बद्ध संरचना भएकाले समाजमा प्रचलित सामाजिक व्यवहारको प्रस्तुत नै उपन्यासको सशक्तता र लोकप्रियतालाई मापन गर्ने आधारका रूपमा रहेको हुन्छ । यसरी उपन्यासमा वर्णित घटना वा स्थितिविशेषको एउटा धरातल हुन्छ त्यस धरातललाई भौतिक र मानसिक धरातलका रूपमा लिन सकिन्छ यसैको समष्टि स्वरूपलाई वातावरण भनिन्छ" (थापा, २०६६, १६३) । दया,माया, करूणा, मैत्री र सहिष्णुतालाई जीवनका गहना तथा धर्म, अर्थ, काम, मोक्षरूपी पुरुषार्थ प्राप्तिका लागि तत्पर रहने प्रवृत्तिलाई उदात्त विचार र संस्कारका रूपमा स्वीकार गरेको देखिन्छ । आचार, विचार तथा नीतिचेतना हरेक संस्कृतिको आत्मा हो, जसले सामाजिक प्रकार्यमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । मात्र विधि वा कानुनले दिएका अधिकार उपभोग गर्ने तथा निषेध गरेका कार्य नगर्ने हो भने मानव जीवन शुष्क र यान्त्रिक मात्र होइन, झन्झटिलो र बोझ मात्र बन्ने थियो । जीवनलाई सरस र उत्साहपूर्ण बनाउन अमूर्त र परम्परित विधिनिषेधका प्रथा र परम्पराले सहयोग पुऱ्याएका हुन्छन् ।

### ग) सामग्री विश्लेषण विधि

प्रस्तुत अध्ययनमा सङ्कलन गरिएका सामग्रीहरूको उचित विश्लेषणका लागि व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । सङ्कलित सामग्रीलाई विश्लेषण गर्ने सैद्धान्तिक आधार पौरस्त्य नीतिचेतना रहेको छ । प्रस्तुत शोध प्रश्नलाई विश्लेषण गर्न सांस्कृतिक अध्ययनले अघि सारेका विधिलाई विश्लेषणको आधार बनाइएको छ ।

## ४. *अलकापुरी सभा* उपन्यासको कथ्य सन्दर्भ र पृष्ठभूमि

प्रस्तुत उपन्यासमा नेपाल र धर्तीमा कहाँ के-कस्तो अवस्था छ भन्ने सम्बन्धमा सम्पूर्ण कुरा खुलाएर मेनकाले इन्द्रलाई लिखित प्रतिवेदन दिन्छिन् । त्यही समयमा सारा पृथिवीभरि महामारी फैलिन्छ । महामारीबाट डराएर संसारभरिका सम्पूर्ण मान्छेहरू ढोका थुनेर घरभित्रै लुकी बस्छन् । इन्द्रले प्रकृति माता रिसाएकीले यस्तो महामारी फैलिएको ठान्दछन् र उनी प्रकृति माताको शरणमा पुग्दछन् । उनीहरूका बिचमा रोचक संवाद हुन्छ । इन्द्रले प्रकृतिसँग सङ्क्रामक रोगको महामारी फैलनुको कारण सोद्धा प्रकृतिले संसारमा प्रदूषण बढेको, त्यसै कारणले ओजोन तहको मर्मत गर्न नमिलेको र आफूले मानवमा एक-आपसमा सर्ने घातक रोगको विषाणु फैलाइदिएको जबाफ दिन्छिन् । महामारी फैलिएपछि संसारभरका विभिन्न राष्ट्रका नागरिकहरूले सबै खाले जल, थल र हवाई सवारी साधनहरू, उद्योगधन्दाहरू, आणविक भट्टीहरू, उपकरणहरू र व्यापार-व्यवसायहरू बन्द

गर्दछन् । चौतर्फी बन्दाबन्दी भएपछि माटो, जल, वायु र ध्वनि प्रदूषणसमेत रोकिन्छ । यसरी प्रदूषणका सबै मुहान बन्द भएपछि र प्रदूषण रोकिएपछि प्रकृति ओजोन तहको मर्मतमा लागेको कल्पनासमेत यहाँ गरिएको छ । प्रदूषणका कारणले ओजोन तह मर्मत हुन नसकेको र त्यसै कारणले सङ्क्रामक रोगको महामारी फैलिएको छ, त्यसले सन् २०१९ को दिसम्बरमा चीनको वुहानबाट सुरू भएर विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरस 'कोभिड-१९' को आतङ्क र त्यसलाई नियन्त्रण तथा रोकथाम गर्नका लागि अवलम्बन गरिएका बन्दाबन्दी र निषेधाज्ञालगायतका विधिहरूलाई समेत सङ्केत गरेको छ । त्यसैले यो उपन्यास पात्रचयनका दृष्टिले स्वैरकाल्पनिक देखिए पनि विषयचयनका दृष्टिले भने सामाजिक र वैज्ञानिक यथार्थमा आधारित छ ।

पौरस्त्य ज्ञानाधाराको परम्परा जीवनदर्शनको मूलाधारमा उभिएको छ । यसको अनादि परम्पराले जीवनको एक क्षणलाई मात्र साँचो ठान्ने अबुझहरूप्रति खबरदारी गरेको छ । यो कल्याणमय ज्ञानको आलोकबाट वर्तमान मानव जगत् ओझेल परेको लेख्दा दुःख लाग्छ । यो शाश्वत् ज्ञानबाट लिनु पर्ने सुखमय जीवनको अमूल्य रत्न लिन नसक्दा वर्तमान समाजमा हत्या, हिंसा, अनाचार, दुराचार, त्रास, चिन्ता र प्राकृतिक विपत्तिहरूले ताण्डव नृत्य मच्चाइ रहेका छन् । विवेक भएको मानव समाजमा पशुवत् अविवेकी व्यवहार बढ्दै छ । प्राकृतिक संरचनाको ध्वंशीकरणले विश्वमा नै आपत्तिको बादल दौडिरहेको छ (ब्रह्मचारी, २०७८ : मानवताको आलोकमा अलकापुरी सभा) ।

प्राकृतिक वातावरणीय चक्रमाथि मानवजातिले आफ्नो तुच्छ स्वार्थपूर्ति र अहम्को तुष्टिका लागि निरन्तर गर्दै आएको आक्रमणका कारणले नै बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टिका साथै कोरोना भाइरसजस्ता ज्यानमारा सङ्क्रामक रोगयुक्त महामारीहरू समय समयमा आउने गरेको कटु यथार्थलाई यस उपन्यासमा सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ । यो वदलिँदो विश्वको परिवेश हो । "एच्. बी. पिटकिनले परिवेशलाई स्थान र समयको भावनात्मक स्वाद मानेका छन् जसमा नाटकीय घटनाहरू उद्घाटित हुन्छन् । यसै गरी बेसिल होगार्थले यसलाई त्यस्तो दृश्य मानेका छन् जसमा चरित्र र घटनाले गति पाउँछ" (शर्मा, २०६३, ३९९) । यस उपन्यासमा वातावरणीय चक्रलाई सन्तुलित राखिरहनका लागि सर्वप्रथम मानिस नै सदाचारी हुनुपर्ने र प्राकृतिक नियमको पालना गर्नुपर्ने कुरामा जोड दिइएको छ । मानवीय सदाचारबाट नै सम्पूर्ण प्राणी र वनस्पतिको संरक्षण हुने र स्वच्छ वातावरणबाट नै सदाचारी मानवसमाजको निर्माण गर्न सकिने सन्देश पनि यहाँ पाइन्छ ।

उपन्यासकारले स्थानलाई आफ्नो अभिवृत्तिलाई पात्रका माध्यमबाट सम्प्रेषण गर्ने सन्दर्भमा स्थानको चयन गरेको हुन्छ । स्थानका रूपमा सार्वभौमिक प्रसिद्धि प्राप्त स्थान वा सामान्य अपरिचत स्थान पनि चित्रण भएका हुन्छन् । उपन्यासकारको धारणासँग सम्बन्धित भएर आउने परिवेशले पात्रलाई खेल्नका लागि उचित रङ्गमञ्च प्रदान गरेको हुन्छ । "यो सामान्यतः कहाँ भन्ने प्रश्नको उत्तरमा आउँछ । यसअन्तर्गत प्राकृतिक बाह्य जगत् र मानव निर्मित वस्तुहरू पर्दछन् । वनपाखा, फूलबारी, पार्क, बाटोघाटो बाह्य जगत्सँग सम्बन्धित कुरा हुन् भने घर, बेन्च, टेबुल, कोठा आदि मानव निर्मित वस्तु हुन्" (बराल, २०६९, ८५) । प्राकृतिक वातावरणीय चक्रमाथि मानवजातिले आफ्नो तुच्छ स्वार्थपूति र अहम्को तुष्टिका लागि निरन्तर गर्दै आएको आक्रमणका कारणले नै बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टिका साथै कोरोना भाइरसजस्ता ज्यानमारा संक्रामक रोगयुक्त महामारीहरू समय समयमा आउने गरेको कटु यथार्थलाई यस उपन्यासमा सुन्दर ढङ्गले प्रस्तुत भएको छ ( उपाध्याय, २०७८ : भूमिका) ।

उपन्यासमा सामान्य अनुक्रम र व्यतिक्रममा आएको समयगत अभिवृत्ति विगत, वर्तमान र आगतको समयलाई समयगत परिवेशको रूपमा छनोट गरिएको हुन्छ । ''बितेको समयको बारेमा कथा लेख्दा त्यस बेलाको इतिहास, संस्कृति तथा भाषाबारे ज्ञान हुन आवश्यक हुन्छ भने भविष्यका बारेमा उपन्यास लेख्दा चाहिँ सामाजिक तथा प्राकृतिक विकासको प्राक्कल्पनिक हेक्का नभई हुँदैन । कथामा जुनसुकै समयको प्रयोग भए पनि वर्तमानकै घटनालाई समेटेर धेरै उपन्यास लेखिएका छन्'' (बराल, २०६९, ८७) ।

महामारी र प्राकृत प्रलयहरूको कारण मानवका अप्राकृत क्रियाकलापहरू हुन् भनेर दर्शाइएको छ । ध्वनि प्रदूषण, वायुप्रदूषण, जलप्रदूषण र थल प्रदुषणले विकरालरूप लिएको छ । यो विकराल अवस्थालाई सहज बनाउन सौर्य उर्जा, वायु उर्जा र जल उर्जा प्रयोग गर्न आग्रह गरिएको छ । महाराज ईन्द्र र प्रकृतिको संवाद हेरेपछि वर्तमान संकटपूर्ण अवस्थाको बोध हुन्छ  (आचार्य, २०७८ : मेरो भन्नु) । ध्वनि प्रदूषण र वायु प्रदूषणलाई नियन्त्रण गर्नका लागि जलयान, स्थलयान, वायुयान र उद्योग-कलकारखानाहरू सौर्य ऊर्जाबाट सञ्चालन गर्नुपर्ने, वैज्ञानिकहरू र शक्तिराष्ट्रहरूले आणविक शस्त्रास्त्र निर्माण अनि त्यसैमा आधारित भएर गरिँदै आएको विश्वविनाशक युद्धको होडबाजी छोडेर समुद्रमा धावन मार्ग बनाउन र सौर्य ऊर्जा, वायु ऊर्जा तथा जल ऊर्जाको विकास गर्न लाग्नुपर्ने (गुरुङ, २०७८ : शुभकामना मन्तव्य) औपन्यासिक कथ्य पनि यहाँ भेटिन्छ । यस उपन्यासमा भाइरस बनाउने र भाइरसको प्रयोग गरेर अरूलाई दुःख दिने व्यक्ति, समुदाय र प्रवृत्तिप्रति कटाक्ष गर्दै यसमा संलग्न हुनेहरूलाई कडा सजाय दिनुपर्ने विचारसमेत व्यक्त गरिएको छ ।

यस उपन्यासमा देवीदेवतालाई खुसी गराउने निहुँमा प्रचलित भएको पशुबलि प्रथाप्रति विरोधभाव दर्साइएको छ । पशुबलिप्रति असन्तुष्टि व्यक्त गर्न देवीदेवताहरू मन्दिरबाहिर निस्केर बसेको रोचक सन्दर्भ पनि यहाँ प्रस्तुत छ । राँगा, भैँसी आदि जनावरहरूलाई ट्रकमा राखेर ढुवानी गर्दा उनीहरूमाथि हुने गरेको बर्बरतापूर्ण व्यवहारको विरोध गर्दै खेतीपातीका क्रममा प्रयोग गरिने विषादी र रासायनिक मलबाट हुने गरेको हानिनोक्सानीप्रति गम्भीर चिन्ता पनि यस उपन्यासमा व्यक्त गरिएको पाइन्छ । चलचित्रहरूमा देखाइने अश्लीलता, लडाइँझगडा आदिबाट समाजमा र त्यसमा पनि नयाँ पुस्तामा पर्ने नकारात्मक प्रभावबाट मुक्त राख्न फिल्मी दुनियालाई शुद्धीकरण गरेर लैजानुपर्ने प्रस्ताव उपन्यासमा गरिएको छ । यसमा बक्सिङ, रेस्लिङजस्ता खेलहरू मानवोपयोगी नभएको चर्चा गरिएको छ । बालबालिकाहरूलाई राम्रो शिक्षा दिनका लागि विद्यालय अर्थात् शिक्षालयको परिवेश स्वच्छ, स्वस्थ, शान्त र सुरम्य हुनुपर्ने कुरा देखाइएको छ । यस्तो अप्राकृतिक दोहन र अमानवीय क्रियाकलापलाई रोकी धर्तीमा उत्पत्ति भएका मानव लगायत सबै जीवजन्तु, प्राणी वनस्पति एक अर्कामा सहिष्णुता, सदभाव र सदव्यवहारलाई प्राकृत रूपमा आदान प्रदान गरी प्राकृत नियमलाई पुनर्जिवीत गराई धर्तीलाई स्वर्ग बनाउने, सबै हाँसेर, रमाएर बस्ने, कसैले कसैको इर्ष्या, द्वेष नगर्ने, अर्काको दुःखलाई आफ्नो दुःख सम्झी सदभावपूर्ण व्यवहार गर्दै नयाँ उज्यालो संसारको कामना (शर्मा, २०७८ : नयाँ युगको प्रारम्भ) गरिएको छ ।

वर्तमान विश्वको मानवसमाजमा गुगल, युट्युब, फेसबुक आदिजस्ता सामाजिक सञ्जालबाट नकारात्मक विचार प्रवाह भइरहेकोप्रति पनि उपन्यासमा चिन्ता र असन्तुष्टि व्यक्त गरिएको छ । अब यस्ता सामाजिक सञ्जालका साथै रेडियो, टेलिभिजन, पत्रपत्रिका आदि सार्वजनिक सञ्चार माध्यमबाट समेत मानवीय मूल्य, सिप, आचार आदि जस्ता ज्ञानवर्धक, राम्रा र सकारात्मक सन्देश दिने किसिमका विचार प्रवाह गरेर भविष्यका कर्णधार बालबालिकाहरूलाई सही मार्गमा लाग्न प्रेरित गर्नुपर्ने अनि भावी समाजलाई समृद्ध, समुन्नत,

सुखी, शान्त र सहिष्णु बन्न दिशानिर्देश गर्नुपर्ने भाव मानव र मैना ज्ञानमणिको संवादका माध्यमबाट प्रस्तुत गरिएको छ, जुन अत्यन्त रोचक र सान्दर्भिकसमेत छ । उपन्यासमा एउटी बघिनीले मृगशावकलाई पालेको रोचक प्रसङ्ग प्रस्तुत गर्दै भिन्न जातिमा त यस्तो सद्भाव हुन्छ भने एउटै मानवजातिका व्यक्तिहरूका बिचमा झैझगडा, कलह, द्वन्द्व, वैमनस्य, ईर्ष्या, द्वेष किन भइरहेको होला भन्ने प्रश्न गर्दै यस्ता दुर्गुणहरू हट्नुपर्ने निष्कर्ष दिइएको छ । मान्छेले मान्छेलाई मार्नतिर लाग्नु हुँदैन र उनीहरूका सम्पूर्ण विधिव्यवहारहरू बदलाको भावनाभन्दा क्षमाशीलतामा आधारित हुनुपर्छ भन्ने पौरस्त्य मानवतावादी दार्शनिक मान्यतासमेत यस उपन्यासमा यत्रतत्र भेटिन्छ । यसो भएमा मात्र धर्तीलाई साँच्चिकै असल मान्छेहरूको वासस्थान बनाउन सकिने सुन्दर र आदर्श विचार यस उपन्यासले बोकेको छ । मानवभित्र रहेको रीस,ईबी, आक्रोश, प्रतिशोध, द्वन्द्व, काम, क्रोध, लोभ,मोह, मद, घृणा र जातीय विद्वेषलाई समेत देखाइएको छ । प्रतिशोधले मनुष्य सधैं आगो भएको छ । सबै जगत् अन्धो जस्तो भएर अर्काको बिरुद्धमा नै अगाडि हिँडेको छ । त्यसैले यहाँ पराकाष्ठाको, अशान्ति, कलह र घोर वैमनश्य उपस्थित भएको देखिन्छ (न्यौपाने, २०७८ : गम्भीर चिन्तन) ।

सद्गुणयुक्त मानवसमाजको परिकल्पना गर्ने क्रममा यहाँ मानवमनको समेत विश्लेषण गरिएको छ । उपन्यासकारले मानवमनलाई कम्प्युटरसँग तुलना गर्दै यसमा कम्प्युटरमा जे इनपुट गऱ्यो, त्यसैको आउटपुट निस्केझैँ मनमा पनि जे भऱ्यो, त्यसकै प्रभाव र परिणाम व्यवहारमा देखापर्ने यथार्थलाई प्रस्तुत गरेको देखिन्छ ( उपाध्याय, २०७८ : भूमिका)। उपन्यासकारले मनलाई कतै खाली भाँडासँग र कतै उर्वरा जमिनसँग पनि तुलना गर्नुभएको छ । खाली भाँडामा जे राख्यो, त्यही पाइएजस्तै अनि उर्वरा भूमिमा जस्तो बिउ रोप्यो, त्यस्तै बालीनाली उम्रेजस्तै मानवमनमा पनि जस्ता अनुभूति र चिन्तन हुन्छन्, मानवीय क्रियाकलाप पनि त्यसैअनुरूपका हुने भएकाले मानवमनमा सदैव सकारात्मक अनुभूति मात्र सञ्चित गर्नुपर्ने र सत् चिन्तनमा मात्र केन्द्रित गर्नुपर्ने सन्देश दिँदै यस्तो भएमा मात्र मानव व्यक्ति, समाज, राष्ट्र र विश्वमा शान्ति ल्याउन सकिने र कल्याण महोत्सवयुक्त जीवन बाँच्न सकिनेतर्फ उपन्यासले सङ्केत गरेको छ ।

हाम्रो समाज सन्मार्गमा जानुपर्छ, उच्छृङ्खलतालाई समाजमा स्थान दिनुहुन्न र स्वधर्मको पालनामा नै जीवनलाई लगाउँदा मात्र कल्याण, शान्ति र यो जीवन परलोक जीवन दुवै सार्थक हुन्छन् भन्ने गम्भीर चिन्तन प्रस्तुत गरिएको छ । हाम्रो मन कति धेरै शक्तिशाली छ र कतिसम्म यसले गर्छ भन्ने अनेक अनुसन्धान संसार भरी भएका छन् । भइरहेका छन् र भविष्यमा पनि हुनेछन् । यस विषयमा पूर्वीय चिन्तन धारा आफ्नै छ । विशेष गरेर ऋषिमुनीहरूको ठूलो देन छ । हाम्रा वेद, पुराण, स्मृति, धर्मशास्त्र र अन्य विद्याका क्षेत्रमा गंभीर चिन्तन छँदैछ तर व्यवस्थित रूपमा यसको उपस्थापन र समाजमा प्रयोग आवश्यक छ भन्ने कुरालाई आत्मसात गरिएको छ । हामी मानवहरू झगडा, कलह, द्वन्द्वमा अलमलिएका छौँ । यो द्वन्द्वको बाटो बदलेर दया, माया, क्षमा परोपकारको नयाँ राजमार्ग (गुरुङ, २०७८ : शुभकामना मन्तव्य) बनाउन आवश्यक भएको कुरा यसमा अभिव्यक्त भएको छ ।

यस कृतिमा समग्र बह्माण्ड समेटिएको छ । यहाँ कुनै निश्चित धर्मको कुरा छैन, किन्तु सबै धर्मका कुरा छन् । जुन कुरा पौरस्त्य दर्शनको महत्त्वपूर्ण पक्ष हो । यहाँ तेरो र मेरो कुरा छैन- समग्रको, सबैको, कुरा छ । यहाँ लेनदेन छैन -सेवा, सुरक्षा र सर्वजन कल्याणको कामना छ । यहाँ केही प्राप्त गर्ने निहित उद्देश्य छैन किन्तु धरतीलाई बचाउने ठूलो प्रण छ । कसैलाई निन्दा र प्रशंसा यहाँ छैन, यहाँ त वास्तविक रूपमा हामी मानवहरूले गरेका कृत्यहरूको वेबाक, निडर रूपमा यथार्थ सत्यतथ्य प्रकट भएको छ ।

धर्ती, आकाश, पृथ्वी अब रहन योग्य हुने छैनन् । पृथ्वीमा ठूलो संकट आउन सक्नेछ । बाठा-टाठाहरू जो आफूलाई विशिष्ट ठान्नेले कस्ता काम गर्नुपर्छ भन्ने विषयलाई संक्षेपमा यस उपन्यासमा देखाइएको छ । वस्तुतः यो कृति ती कथित हिंस्रक धर्महरूका लागि पनि एउटा हाँक (चेलेन्ज) हो । तिम्रो धर्मले के गडीमाइलाई सहन्छ ? कृतिमा धर्मको आड लागेर मुक पशु माथि भएका अत्याचार लाई प्रकाश पारिएको छ । के यो धर्म हो ? यसरी प्राणीमाथि गरिने अन्याय धर्म हो भने अधर्म कस्तो हुन्छ ? तिम्रो भोजन के मानव उचित छ ? त ! के तिम्रा कृत्यले पृथिवीलाई रहनेयोग्य राखेको छ त ? छैन भने तिमी कसरी आफू मानव हुन सकौला ! यस्ता विषयहरू उठाइएका छन् ।

यस उपन्यासमा नेपाली राष्ट्रिय भावना प्रखर रूपमा अभिव्यञ्जित भएको छ । शरीरलाई सञ्चालन गर्ने मस्तिष्क टाउकामा हुन्छ र टाउको शरीरका सबै अङ्गभन्दा अग्लो स्थानमा रहेको हुन्छ । टाउकाले नै अन्य अङ्गहरूलाई सञ्चालन पनि गर्दछ । त्यसैले शरीरका अन्य अङ्गहरूभन्दा टाउको उच्च, विशिष्ट र महत्त्वपूर्ण मानिएजस्तै संसारकै सर्वोच्च शिखर सगरमाथालगायतका अग्ला भूभागहरूले युक्त नेपाललाई धर्तीको शिरका रूपमा चित्रण गर्दै नेपालको भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक र वैचारिक उचाइ, विशिष्टता, महत्त्व र गौरवगाथाको विलक्षण प्रस्तुतिसमेत यहाँ पाइन्छ । पौराणिक पात्रहरूको बाहुल्य र प्राधान्य भए पनि यस उपन्यासले वातावरणीय समस्यालाई मूल विषय बनाएको छ र सौर्य ऊर्जाको प्रयोगका माध्यमबाट पर्यावरणीय चक्रमा सन्तुलन ल्याउन सकिने विकल्पसमेत सुझाएको छ । यस उपन्यासमा पौरस्त्य ज्ञान र आधुनिक विज्ञानको सुन्दर संयोजन अर्थात् फ्युजन भएको छ । विषय, संरचना र प्रस्तुतिका दृष्टिले यो उपन्यास पृथक् छ र बृहत् छ । आजसम्म संसारमा भएका र भइरहेका तमाम युद्ध र हिंसाको मूल मानवमनका काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, ईर्ष्या, द्वेष, व्यक्तिगत स्वार्थपरायणता आदिजस्ता विकारहरू नै हुन् र ती विकारहरूबाट मानव मनलाई मुक्त राख्न सकेमा मात्र धर्तीलाई सुन्दर र सम्पूर्ण मानवजातिलाई सुखी, शान्त र समृद्ध बनाउन सकिन्छ भन्ने सन्देश नै यस उपन्यासको सार हो ।

## ६. निष्कर्ष

पौरस्त्य वाङ्मयका दृष्टिले *अलकापुरी सभा* उपन्यास उच्चस्तरको रहेको छ । प्रस्तुत उपन्यासले विश्वमा बढ्दै गइरहेको प्रदूषणलाई विकृतिको जड मानेको छ । संस्कृत वाङ्मयका पुराणहरूमा वर्णन गरिएअनुसारका कल्पित देवताका राजा इन्द्रलाई खटाइएको र उनकै प्रयत्नमा धर्तीलाई सुन्दर अनि मानवजातिलाई सुखी र खुसी बनाउन देवताहरू, पितृहरू, मानवहरू, जनावरहरू र सम्पूर्ण कीटपतङ्गहरूको सभा बोलाइन्छ । यो पौराणिक सन्दर्भ हो । त्यो विशिष्ट सभा सञ्चालन गर्नका लागि पवित्र ठाउँ खोज्न मेनका, ऊर्वशी, रम्भा आदि अप्सराहरूलाई खटाइएको, उनीहरूले धर्तीका धेरै ठाउँहरू घुम्ने क्रममा युद्धमा ज्यान गुमाएकाहरूको आत्माको क्रन्दन सुनेपछि नेपाललाई नै उपयुक्त स्थलका रूपमा चयन गरेको र यहाँ हत्याहिंसाजन्य रक्तसिञ्चित भूमिलाई शोधन गर्नका लागि होमयाग गर्न प्रस्ताव गरेको स्वैरकल्पना यस उपन्यासमा गरिएको छ । यसले नेपालको धार्मिक, सांस्कृति र पौाणिक महत्त्वका साथै राष्ट्रियताको उच्च सम्मान पनि गरेको छ । सभामा सबैले आ-आफ्ना पिरमर्का प्रस्तुत गर्ने, अरूका पिरमर्का सुन्ने, बुझ्ने र समाधान पहिल्याउने कार्य गरेको पनि देखाइएको छ । यसले मानवलाई एकताबद्ध भएर कार्य गर्नुपर्छ पूर्वीय दर्शनको महत्त्वबोध गराएको छ ।

## सन्दर्भग्रन्थ सूची

आचार्य, कुश्मिला (२०७८), मेरो भन्नु, ***अलकापुरी सभा,*** तनहुँ : डिल्ली प्रविधि विकास प्रतिष्ठान ।

उपाध्याय, जगत (२०७८), इन्जिनियर डा. न्यौपानेको पृथक् र बृहत् औपन्यासिक प्रस्तुति : अलकापुरी सभा, ***अलकापुरी सभा,*** तनहुँ : डिल्ली प्रविधि विकास प्रतिष्ठान ।

उपाध्याय, मुकुन्दशरण (२०७८), हार्दिक शुभाशंसा, ***अलकापुरी सभा,*** तनहुँ : डिल्ली प्रविधि विकास प्रतिष्ठान ।

गुरुङ, जगमान (२०७८), शुभकामना मन्तव्य, ***अलकापुरी सभा,*** तनहुँ : डिल्ली प्रविधि विकास प्रतिष्ठान ।

थापा, मोहनहिमांशु (२०६६), ***साहित्य परिचय,*** पाँ. संस्क., साझा प्रकाशन ।

नेपाल, घनश्याम (२००५), ***आख्यानका कुरा,*** एकता बुक हाउस प्रा.लि. ।

न्यौपाने, काशीनाथ (२०७८), गम्भीर चिन्तन, ***अलकापुरी सभा,*** तनहुँ : डिल्ली प्रविधि विकास प्रतिष्ठान ।

न्यौपाने, प्रेमराज (२०७८), ***अलकापुरी सभा,*** तनहुँ : डिल्ली प्रविधि विकास प्रतिष्ठान ।

पराजुली, कृष्णप्रसाद समेत (२०४०), (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पाण्डेय, फणीन्द्रप्रसाद (२०५७), ***संस्कृत नेपाली बृहत् शब्दकोश,*** दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय ।

बराल, कृष्णहरि (२०६९), ***कथा सिद्धान्त,*** काठमाडौं : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि.।

ब्रह्मचारी, रुद्रानन्द (२०७८), मानवताको आलोकमा अलकापुरी सभा, ***अलकापुरी सभा,*** तनहुँ : डिल्ली प्रविधि विकास प्रतिष्ठान ।

शर्मा, हरिप्रसाद (२०७८),नयाँ युगको प्रारम्भ, ***अलकापुरी सभा,*** तनहुँ : डिल्ली प्रविधि विकास प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०६३), ***समकालीन समालोचनाः सिद्धान्त र प्रयोग,*** नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान
२०६३ ।